# श्री दुवारी सामुदायिक वन उपभोक्ता समूह

## माथागढी गाउँपालिका-६, पाल्पा

काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२।०८।२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित माथागढी गाउँपालिका-६ मा घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठको कारोवार गर्ने उद्देश्यले सम्बन्धित निकायमा सुचिकृत भएको, स्थायी लेखा नम्बर (PAN) लिएको व्यक्ति वा आयकर र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको फर्म कम्पनी, उद्योग वा संघ, संस्थाले यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सिलवन्दीको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| लट नं. | क्र.सं. | जात | वन पैदावार(काठ, दाउरा) विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | ग्रेड | थान | परिमाण क्यू.फि. | प्रति क्यू.फि./चट्टा न्यूनतम मूल्य रु. | कटान मुछान खर्च रु.(प्रति क्यू.फि./चट्टा) | |
| १ | १ | साल | ए | २९ | ५१९.८१ | १२५०/- | २०५/- | साल चिरान थान ४७२ को ६९४.२४ क्यू.फि., असना चिरान थान ३ को ७.१७ क्यू.फि., जामुन चिरान थान ३ को ५ क्यू.फि. काठ र साल बाकल ७०८ को १६२८४ के.जी. |
| | २ | साल | बी | ४० | ३२६.२६ | ९००/- | | |
| | ३ | साल | सी | ९३ | ४०६.५५ | ६००/- | | |
| | ४ | साल | डी | ९ | २६.०२ | ३००/- | | |
| | ५ | असना | बी | १ | १०.०० | ३००/- | | |
| | ६ | असना | सी | २ | ११.१६ | १००/- | | |
| | ७ | जामुन | सी | ३ | १५.२० | १००/- | | |
| | ८ | साल मिश्रित दाउरा चट्टा | | | ३ | ८०००/- | १५०००/- | |
| २ | १ | साल | ए | १० | ११५.९५ | १२५०/- | २०५/- | साल चिरान थान १५८ को २२८.८० क्यू.फि. काठ र साल बाकल ३०४ को ६९९२ के.जी. |
| | २ | साल | बी | १८ | १४०.५३ | ९००/- | | |
| | ३ | साल | सी | ४१ | १७०.५४ | ६००/- | | |
| | ४ | साल | डी | ७ | २०.३८ | ३००/- | | |

२. बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८२।०९।११ (ख) समय १ बजेसम्म

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८२।०९।१२ (ख) समय १२ बजेसम्म

४. बोलपत्र फारामको लट नं. १ को रु.२,०००।- र लट नं. २ को रु.१,०००/- का दरले पछि फिर्ता नहुने गरी समूहको उपरोक्त बमोजिमको बैंक खातामा जम्मा गरी उल्लेखित कागजातहरु सहित रितपूर्वकको निवेदनबाट माग गरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, पाल्पाबाट खरिद गरी समूहमा दाखिला गर्नु पर्नेछ ।

५. बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैंक, बुटवल शाखामा रहेको खाता नं. **3120100002991001** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको माथागढी गाउँपालिका-६ मा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले काठको कारोवार गर्ने उद्देश्यले सम्बन्धित निकायमा सुचिकृत भएको कागजातको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्र साथ पेश गर्नुपर्नेछ ।

८. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८२।०९।१३ मा ४ बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।.

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १०(दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र प्रक्रिया पुर्याई उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. उक्त गोलिया काठ समूहबाट चिरान गर्दा लागेको खर्च रकम समूहमा छुट्टै दाखिला गर्नु पर्नेछ ।

१३. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

# तिनाउमा सिग्नेचर पुल निर्माणका लागि बोलपत्र आह्वान



बुटवल, १९ मंसिर- पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुटवल-गोरूसिङ्गे-चन्द्रौटा सडक-४ लेनमा विस्तार हुँदै गर्दा तिनाउ नदीमा बन्ने सिग्नेचर पुलका लागि बोलपत्र (टेन्डर) आह्वान गरिएको छ । हाल रहेको 'तिनाउ पुल' जीर्ण बन्दै गएको र सवारीचाप अत्यधिक बढिरहेको कारण नयाँ पुल निर्माणका लागि शुक्रबारबाट टेन्डर प्रक्रिया सुरु भएको हो।

यसअघि बुटवल-चन्द्रौटा खण्ड विस्तारपछि पुरानो पुलले सवारी भार थेग्न नसक्ने भएकाले करिब चार वर्षअघि नै सिग्नेचर ब्रिज निर्माण तयारी थालिएको थियो। सिग्नेचर पुल निर्माण कार्यसँगै पुल परिसरको पर्यटकीय सम्भावना बढाउने उद्देश्य राखिएको छ । पुल नजिकै रहेका जितगढी किल्ला, कृष्ण मन्दिर र मस्जिदलाई समेटेर करिब ३०० मिटर क्षेत्रको सौन्दर्य अभिवृद्धि गर्ने योजना रहेको बुटवल उपमहानगरपालिकाले जनाएको छ । पूर्व अर्थमन्त्री तथा एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलको अवधारणा अनुसार तिनाउ नदीमा सिग्नेचर ब्रिज निर्माण प्रक्रिया अघि बढाइएको हो।

# एनसेलले एनपीएल खेलका चौका बापत शैक्षिक सामग्री वितरण गर्ने

काठमाडौं, १९ मंसिर- एनसेल फाउन्डेसनले बिहीबार सम्म खेलिएका नेपाल प्रिमियर लिग (एनपीएल) सिजन २ का खेलहरूमा हानिएका चौकाहरू बापत २ हजार भन्दा बढी शैक्षिक सामग्री वितरण गर्ने पक्का भएको छ। क्रिकेटलाई कक्षाकोठासँग र हरेक चौकालाई उज्ज्वल भविष्यसँग जोड्ने सामाजिक पहलअनुसार, यी सामग्रीहरू सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई प्रदान गरिने छन्।

गत वर्ष एनपीएलसँगको सहकार्यमा




सुरू गरिएको यो प्रभावकारी पहलले नेपालभरका सरकारी र सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई सहयोग गर्दै आएको छ। एनपीएल सिजन २ का हरेक चौकामा ४ वटा शैक्षिक सामग्री वितरण गर्ने प्रतिवद्धता फाउन्डेसनले जनाएको छ। क्रिकेटको उत्साहलाई शिक्षासँग जोड्ने यो पहल, विद्यार्थीका लागि अर्थपूर्ण शैक्षिक सहयोग प्रदान गर्ने फाउन्डेसनको प्रतिबद्धताको एक प्रमाण हो।

बिहीबार सम्म खेलिएका एनपीएल सिजन २ का खेलहरूमा ९० खेलाडीहरूले कुल ५सय १० चौका प्रहार गरेका छन्, जसले २हजार ४० शैक्षिक सामग्रीहरूको वितरण सुनिश्चित गरेका छ। चौका प्रहार गर्ने शीर्ष तीन खेलाडीहरूको सूचीमा पोखरा अवेन्जर्सका एडम रोसिङ्टन २७ चौका सहित अगाडि छन् जसले १०८ शैक्षिक सामग्री वितरण सुनिश्चित गरेका छन्। लुम्बिनी लायन्सका डार्सी सर्ट १९ चौका सहित दोस्रो स्थानमा रहेर ७६ शैक्षिक सामग्री योगदान गरेका छन्। त्यसैगरी काठमाडौं गोर्खाजका बेन चार्ल्सवर्थ र सुदूरपश्चिम रोयल्सका बिनोद भण्डारी तेस्रो स्थानमा छन्, उनीहरूले १७-१७ चौका प्रहार गर्दै प्रत्येकले ६८ शैक्षिक सामग्री वितरण हुनेछ।

# तिनाउ गायन तारा प्रतियोगिता हुने

बुटवल, १९ मंसिर- तिनाउ इङलिस् बोर्डिङ स्कूलले जिल्ला स्तरीय तिनाउ गायन तारा प्रतियोगिता गर्ने भएको छ। गायनमा क्षमता भएका विद्यार्थीको प्रतिभा प्रस्फूटन गर्ने उद्देश्य सहित विद्यालयले यहीँ मंसिर २५ गते अन्तर विद्यालय पहिलो तिनाउ गायन तारा गर्न लागेको हो। विद्यालयले शुक्रबार पत्रकार सम्मेलन गरी कार्यक्रमको जानकारी दिएको हो।

विद्यालयका सहप्राचार्य सुर्यप्रसाद पाण्डेले प्रतियोगितामा जिल्लाका सामुदायिक र संस्थागत गरी ४० विद्यालयका विद्यार्थी सहभागी हुने अपेक्षा रहेको बताए। प्रतियोगितामा कक्षा १० सम्मका मात्र विद्यार्थी




प्रतिष्पर्धामा भाग लिन पाउने उनले जानकारी गराए।

कार्यक्रम संयोजक नवीनरत्न शाक्यका अनुसार प्रतियोगितामा प्रथम हुनेले १० हजार, द्वितीयले ७ हजार, तृतीयले ५ हजार र सान्त्वनाले ३ हजार पुरस्कार मेडल र प्रमाणपत्र पाउनेछन्। शाक्यले रहेको विद्यार्थीको प्रतिभा एकीकृत गर्न विद्यालयले कार्यक्रम आयोजना गरेको बताए। शिक्षक अग्निधर पोखरेलले प्रतियोगिताले गायन क्षेत्रमा दरिलो प्रतिभा उजागर गर्ने विद्यालयले अपेक्षा गरी कार्यक्रम अघि सारेको बताए। २०५६ मा स्थापना भएको विद्यालयमा दुई हजार विद्यार्थी अध्ययनरत छन्।

# जुनियर तथा युवा रेडक्रस गोष्ठी




बुटवल, १९ मंसिर - नेपाल रेडक्रस सोसाईटी लुम्बिनी प्रदेशको आयोजना तथा सुनगाभा पब्लिक सेकेण्डरी स्कूलको आतिथ्यतामा तेस्रो प्रदेशस्तरीय दुई दिने जुनियर तथा युवा रेडक्रस गोष्ठी शुक्रबारदेखि रूपन्देहीको सैनामैनामा सुरु भएको छ।

लुम्बिनी प्रदेशका प्रदेश प्रमुख कृष्ण बहादुर घर्तीले रेडक्रस मानवीय सेवामा समर्पित सामाजिक संस्था भए पनि केही स्वार्थी समूहका कारण संस्थाको केन्द्रदेखि जिल्लासम्म थाला परेकोमा दुःख व्यक्त गरे। उनले रेडक्रस अन्तर्राष्ट्रिय स्तरमा पहिचान बोकेको संस्था भएकोले केही नराम्रा पक्षलाई समय अनुसार बदल्दै जानुपर्ने बताए। नेपाल रेडक्रस सोसाईटी लुम्बिनी प्रदेशका सभापति लालप्रसाद पंगेनीले गोष्ठीले मानवीय सेवामा रेडक्रसको महत्त्व बुझाउनु र जुनियर तथा युवा रेडक्रसका विद्यार्थीहरूलाई सिकाइ, ज्ञान र सामाजिक सेवामा समर्पित बनाउनु रहेको बताए।

कार्यक्रम संयोजक तथा प्रदेश कोषाध्यक्ष ज्ञानहरि रिजालले गोष्ठीले जुनियर तथा युवा रेडक्रसले १ वर्षे गर्ने कार्ययोजना बनाउने, क्षमता विकास गर्ने र विद्यालय तथा क्याम्पस तहका पाठ्यक्रममा मानवीय सेवा सम्बन्धी संस्कारयुक्त शिक्षा सिकाउन सहयोग पुर्याउने जानकारी दिए।


## नेपाल सरकार
## शहरी विकास मन्त्रालय,
## सिंहदरबार, काठमाडौं

## कपिलवस्तु नगरपालिकामा गौढी चोक चिल्ड्रेन पार्क आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना !!!

**प्रकाशित मितिः २०८२/०८/२०**

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, कपिलवस्तु नगरपालिकामा नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | क्षेत्रिय सहरी विकास आयोजना, आयोजना समन्वय कार्यलय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं<br>ईमेलः rudp.pdsecretariat@gmail.com<br>फोन नम्बरः ०१-४२६२९६९/४२६२५३५ |
| **प्रस्तावको व्यहोरा** | **आयोजनाको नामः** गौढी चोक चिल्ड्रेन पार्क<br>आयोजना स्थलः वडा नं १, गौढी चोक (निर्देशांकः २७°३२'४७.२८"उत्तर, ८३°३'१३.३४" पूर्व)<br>**मुख्य अवयवहरूः** Children Water Play १,४७२ वर्गमिटर (व. मि.); Administrative block and Sports Court (१०४.५ व. मि.)<br>**माटो कटान तथा भरणः** २४,८६१ घनमिटर<br>**निर्माण अवधिः** १३ महिना |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./वडा.** | कपिलवस्तु नगरपालिका, कपिलवस्तु जिल्ला, वडा नं १ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक तथा भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न कपिलवस्तु नगरपालिका, वडा नं १, तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र तल उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | क्षेत्रिय शहरी विकास आयोजना, आयोजना समन्वय कार्यलय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं<br>ईमेलः rudp.pdsecretariat@gmail.com<br>फोन नम्बरः ०१-४२६२९६९/४२६२५३५ |
| **परामर्शदाताको नाम र ठेगाना** | Dohwa Engineering Co., Ltd. in association with ERMC (P.) Ltd. (Environment and Resource Management Consultant), SILT Consultants (P.) Ltd. and Digicon Engineering Consult Pvt. Ltd.<br>पत्राचार गर्ने ठेगाना- नयाँ बानेश्वर, काठमाडौं<br>ईमेलः ermc@ermcnepal.com<br>फोन नम्बरः ०१-४५८३०६४ |



## बैजनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रामपुर, बाँके
## लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशित मितिः २०८२/०८/२०

यस कार्यालयको मितिः २०८२/०६/३१ प्रकाशित सुचना बमोजिम बैजनाथ गाउँपालिकाका आ. व. २०८२/०८३ गाउँपालिकाको भवन निर्माणकार्यको लागि खरिद कार्य गर्नको लागि प्रकाशित सुचना अनुसार उल्लेखित मिति भित्र दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन हुँदा तपसिल बमोजिमका बोलपत्र दाताहरुको बोलपत्रहरु स्वीकृत गर्ने आशयको ७ दिने सुचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र.. सं. | ठेक्का नं. | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|
| 1 | ठेक्का नं. BRM/NCB/WORKS/12-2082/083 Construction of Ward-06 Adminstrative Office Building , Baijanath-06, Banke | Prince Construction, Naraharinath-08, Kalikot | 7030772/- (In Word: Seventy Lakhs Thirty Thousand Seven Hundred Seventy Two only ) | |

प्रमुख प्रशासकिय अधिकृत



## मोटरसाईकल हराएको सूचना

तुल्सी गुरुङको नाममा रहेको बजाज कम्पनीको कालो/रातो २२० सी. सी. को Pulsar लु. प्र. ०१-००८ प ५८२३ नम्बरको मोटरसाईकल बुटवल ७ शिद्देश्वरी ग्राउण्डमा पार्किङ्ग गरि राखेको अवस्थामा २०८२ मंसिर ११ गते साँझ अन्दाजी ६:०० बजे चोरी भएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरि दिनु हुन अनुरोध गर्दछु।

**नामः** तुल्सी गुरुङ
**चेसिस नम्बरः** MD2A13EX2SCD85214
**इन्जिन नम्बरः** DKXCSD30591
**मोवाईल नं.:** ९८६४२४८९०४ **ठेगानाः** निसीखोला-७, बाग्लुङ्ग



## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशन मिति २०८२।०८।२०**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ. व. ०८१/८२ मा ढलापडा रुखहरुबाट संकलन भएको साल प्रजातिको हाते आराबाट चिरान भएको लट नं. १ को साल चिरान ७०६.४१ क्यू.फि. काठ (चिरान गर्दा उत्पादन भएको बाकल १६२८४ के.जी.) र साल मिश्रित दाउरा ३ चट्टा र लट नं. २ को साल चिरान २२८.८० क्यू.फि. काठ (चिरान गर्दा उत्पादन भएको बाकल ६९९२ के. जी.) लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**श्री दुवारी सा. व. उ. स.**
**माथागढी-६, पाल्पा।**



## नेपाल सरकार
## शहरी विकास मन्त्रालय,
## सिंहदरबार, काठमाडौं

## सिद्धार्थनगर नगरपालिकामा डण्डा खोला कोरिडोर आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना !!!

**प्रकाशित मितिः २०८२/०८/२०**

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिकामा नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | क्षेत्रीय शहरी विकास आयोजना, आयोजना समन्वय कार्यलय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं<br>ईमेलः rudp.pdsecretariat@gmail.com<br>फोन नम्बरः ०१-४२६२९६९/४२६२५३५ |
| **प्रस्तावको व्यहोरा** | **आयोजनाको नामः** डण्डा खोला कोरिडोर, सिद्धार्थनगर, रूपन्देही<br>**आयोजना स्थलः** वडा नं ३ र १३<br>**मुख्य अवयवहरूः** ब्लक 'ए-इनडोर स्पोर्ट्स सेन्टर (२,२४८.४ वर्ग मिटर), ब्लक 'बी'-बहुउद्देशीय हल (९६९.३ वर्ग मिटर), ब्लक 'सी'-प्रशासनिक ब्लक (२२३.५ वर्ग मिटर), ब्लक 'डी'-साइकल भाडा घर (२१२.८ वर्ग मिटर), ब्लक 'ई'-ध्यान कक्ष (३२८.९ वर्ग मिटर) र ब्लक 'एफ'-फूड कोर्ट (३१२.७९ वर्ग मिटर)<br>**माटो कटान तथा भरणः** ६६,८९० घनमिटर, **माटो भरणः** ११८,०२६ घनमिटर<br>**निर्माण अवधिः** ३ वर्ष |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./वडा.** | रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका, वडा नं ३ र १३ ; ओमसतिया वडा नं ४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक तथा भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सिद्धार्थनगर नगरपालिका, वडा नं ३ र १३; ओमसतिया वडा नं ४; तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र तल उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | क्षेत्रीय शहरी विकास आयोजना, आयोजना समन्वय कार्यलय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं<br>**ईमेलः** rudp.pdsecretariat@gmail.com<br>**फोन नम्बरः** ०१-४२६२९६९/४२६२५३५ |
| **परामर्शदाताको नाम र ठेगाना** | Dohwa Engineering Co., Ltd. in association with ERMC (P.) Ltd. (Environment and Resource Management Consultant), SILT Consultants (P.) Ltd. and Digicon Engineering Consult Pvt. Ltd.<br>**पत्राचार गर्ने ठेगाना**– नयाँ बानेश्वर, काठमाडौं<br>**ईमेलः** ermc@ermcnepal.com **फोन नम्बरः** ०१-४५८३०६४ |



## नेपाल सरकार
## शहरी विकास मन्त्रालय,
## सिंहदरबार, काठमाडौं

## लुम्बिनी सांस्कृतिक नगरपालिकामा ग्लोबल पार्क आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना !!!

**प्रकाशित मितिः २०८२/०८/२०**

लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिकामा नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | क्षेत्रिय सहरी विकास आयोजना, आयोजना समन्वय कार्यलय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं<br>ईमेलः rudp.pdsecretariat@gmail.com<br>फोन नम्बरः ०१-४२६२९६९/४२६२५३५ |
| **प्रस्तावको व्यहोरा** | **आयोजनाको नामः** ग्लोबल पार्क आयोजना<br>**आयोजना स्थलः** लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा नं १३ (निर्देशांकः २७°२५'७.२८" उत्तर ; ८३°१३'३१.०१" पूर्व)<br>**मुख्य अवयवहरूः** मुख्य भवन (७० × २६.३५) वर्गमीटर (व.मि.), कार्यशाला ब्लक (५८.१७ × १५.२५) व.मी. , क्याफे (१८.६ × ११.१) व.मी., शौचालय (९.३५ × ३.७५) व.मी., शौचालय-टिकट काउन्टर (९.१५ × ३.७५) व.मी., शौचालय-कियोस्क र गार्ड पोस्ट (११ × २.७) व.मी. र कियोस्क (६.३ × ३) व.मी., विश्वका १०२ प्रसिद्ध Landmark हरूका लघु प्रतिकहरू (miniatures), **Floor Area**: ५,६०६.५५ वर्गमिटर, **भूमिगत पानी आवश्यकताः** १८,६४० लिटर प्रति दिन; **निर्माण अवधिः** ३ वर्ष |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./वडा** | रूपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा नं १३ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक तथा भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा नं १३; तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र तल उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | क्षेत्रिय सहरी विकास आयोजना, आयोजना समन्वय कार्यलय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं<br>ईमेलः rudp.pdsecretariat@gmail.com<br>फोन नम्बरः ०१-४२६२९६९/४२६२५३५ |
| **परामर्शदाताको नाम र ठेगाना** | Dohwa Engineering Co., Ltd. in association with ERMC (P.) Ltd. (Environment and Resource Management Consultant), SILT Consultants (P.) Ltd. and Digicon Engineering Consult Pvt. Ltd.<br>पत्राचार गर्ने ठेगाना- नयाँ बानेश्वर, काठमाडौं<br>ईमेलः ermc@ermcnepal.com,<br>फोन नम्बरः ०१-४५८३०६४ |